# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५७) काठमाडौं, फागुन १६गते२०६४साल (अतिरिक्ताङ्क५७(क)

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

माननीय वन तथा भू-संरक्षण मन्त्री श्री मातृकाप्रसाद यादव स्वास्थ्योपचारको सिलसिलामा थाइल्डको बैंककतर्फ मिति २०६४।११।१५ गते प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वन तथा भू-संरक्षण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय स्थानीय विकास मन्त्री श्री देवप्रसाद गुरुङ्गले सम्हाल्ने गरी तोक्नु भएको छ।

आज्ञाले,
डा. भोजराज घिमिरे
मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, फागुन १६ गते २०६४ साल (अतिरिक्तांक ५७(क+१)


## भाग ३

नेपाल सरकार

शिक्षा तथा खेलकुद मंत्रालयको

सूचना

### छात्रवृत्ति सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०६४

छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० लाई संशोधन गर्न वान्छनीय भएकोले,

छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "छात्रवृत्ति सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **छात्रवृत्ति सम्बन्धी नियमावली,२०६० को नियम १०क. मा संशोधनः** छात्रवृत्ति सम्बन्धी नियमावली,२०६० (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को उपनियम (२) पछि देहायको **उपनियम** (२क) थपिएको छः-


• आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क) यस नियम बमोजिम स्थान वितरण गर्दा जुन शैक्षिक संस्था वा देशको लागि छात्रवृत्ति प्राप्त भएको हो सो शैक्षिक संस्था वा देशको लागि साधारण समूह तथा स्थान सुरक्षित गरिएको समूह समाहित हुने गरी स्थान वितरण गर्नुपर्नेछ ।"

३. **मूल नियमावलीको नियम १२ मा संशोधन**: मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२ **उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता**:(१) यस नियमावली बमोजिम लिइने परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले छनौट समितिले तोकिदिएको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी परीक्षामा कम्तीमा पचास प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्साशास्त्र विषयको स्नातकोत्तर र दन्त चिकित्साशास्त्र विषयको स्नातकोत्तर तहको छात्रवृत्तिको लागि लिइने परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले कुनै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा यस्तै अन्य स्वास्थ्य सम्बन्धी संस्थामा कम्तीमा दुई वर्ष काम गरेको हुनु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम १३ क. मा संशोधन** : मूल नियमावलीको नियम १३क. को उपनियम (३) मा रहेका "मेडिकल काउन्सील वा इन्जिनियरिङ्ग परिषदवाट" भन्ने शब्दहरुको सट्टा "दर्तावाला चिकित्सकवाट" भन्ने शब्दहरु राखिएका छन ।

५. **मूल नियमावलीको नियम १४ मा संशोधन** : मूल नियमावलीको नियम १४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) खुला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्नको लागि एकसय अङ्कको लिखित परीक्षा सञ्चालन गरिनेछ ।"

६. **मूल नियमावलीको नियम १५ मा संसोधन** : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :-

"१५. **कार्य अनुभव वापतको अंक**: (१) नियम १२ को उप नियम (२) को प्रयोजनको लागि कार्य अनुभव वापत देहाय बमोजिम बढीमा बीस अंक दिइनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "क" वर्गको जिल्लाको जिल्ला सदरमुकाम वा नगरपालिका क्षेत्रमा काम गरे वापत वर्षको आठ अङ्क र अन्य क्षेत्रमा काम गरे वापत वर्षको दश अङ्कका दरले,

(ख) "ख" वर्गको जिल्लाको जिल्ला सदरमुकाम वा नगरपालिका क्षेत्रमा काम गरे वापत वर्षको छ अङ्क र अन्य क्षेत्रमा काम गरे वापत वर्षको आठ अङ्कका दरले,

(ग) "ग" वर्गको जिल्लाको जिल्ला सदरमुकाम वा नगरपालिका क्षेत्रमा काम गरे वापत वर्षको तीन अङ्क र अन्य क्षेत्रमा काम गरे वापत वर्षको पांच अङ्कका दरले,

(घ) "घ" वर्गको जिल्लाको जिल्ला सदरमुकाम वा नगरपालिका क्षेत्रमा काम गरे वापत वर्षको एक अङ्क र अन्य क्षेत्रमा काम गरे वापत वर्षको दुई अङ्कका दरले ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "वर्ग" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालयले नेपालको भौगोलिक अवस्थालाई विचार गरी तोकेको क्षेत्र सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको अङ्क प्राप्त गर्न सम्वन्धित व्यक्तिले सम्वन्धित वर्गमा कम्तीमा एक वर्ष रुजु हाजिर भई काम गरेको हुनु पर्नेछ र निजले एक वर्षभन्दा बढी काम गरेको रहेछ भने जति अवधि काम गरेको हो सोही अनुपातमा अङ्क दिइनेछ ।"

७. **मूल नियमावलीको नियम १६ मा संशोधन:** मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छ:-

"१६ **योग्यताक्रम कायम गर्ने:** (१) छात्रवृत्ति छनौट समितिले नियम १४ बमोजिम सञ्चालन भएको लिखित परीक्षामा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारको मात्र योग्यताक्रम कायम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यताक्रम कायम गर्दा उम्मेदवारले त्यस्तो लिखित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा यस नियमावली बमोजिम छनौट समितिले तोकेको न्यूनतम शैक्षिक योग्यताको परीक्षामा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजले प्राप्त गरेको कुल प्रतिशतको पाँच प्रतिशत अङ्क जोडी र चिकित्साशास्त्र विषयको स्नातकोत्तर र दन्त चिकित्साशास्त्र विषयको स्नातकोत्तर तहको छात्रवृत्तिको हकमा निजले लिखित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा निजले नियम १५ बमोजिमको कार्य अनुभव वापत प्राप्त गरेको अङ्क जोडी योग्यताक्रम कायम गरिनेछ ।

(३) उपनियम (२) बमोजिम योग्यताक्रम कायम गर्दा कुनै उम्मेदवारहरुको अंक बराबर हुन गएमा नियम १४ बमोजिमको लिखित परीक्षामा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यताक्रम कायम गरिनेछ र लिखित परीक्षामा समेत अङ्क बराबर भएमा निजहरुको शैक्षिक योग्यता तथा कार्य अनुभवलाई विचार गरी शिक्षा तथा खेलकुद मन्त्रालयले तोकिदिएको मापदण्डको आधारमा योग्यताक्रम कायम गरिनेछ ।

(४) यस नियम बमोजिम कायम भएको योग्यताक्रमको सूची छनौट समितिले प्रकाशन गर्नेछ ।"

८. **मूल नियमावलीको नियम १७ मा संशोधन**: मूल नियमावलीको नियम १७ मा रहेका "योग्यताक्रम प्रकाशित भएको मितिले छ महिनासम्म" भन्ने शब्दहरुको सट्टा "योग्यताक्रम प्रकाशित भएको मितिले छ महिनामा नबढ्ने गरी भाद्र मसान्त वा फागुन मसान्तमध्ये जुन अवधि पहिला आउँछ सोही अवधिसम्म" भन्ने शब्दहरु राखिएका छन ।

**आज्ञाले,**
**बालानन्द पौडेल**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.छु.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।